लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

पत्र संख्याः २०८१/८२
सूचना नं.: ०२

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

## कृषि विकास कार्यक्रम सम्बन्धी प्रस्ताव आह्वानको सूचना !!

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/०९ गते)

यस केन्द्रको आ.व. २०८१/८२ को स्विकृत कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रममा सहभागी हुन इच्छुक बांके जिल्ला भित्रका योग्य आवेदकहरुले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (मिति २०८१/०७/२९ गते) यस केन्द्रमा आवश्यक कागजातहरु सहित खामबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, व्यावसायिक योजना, संलग्न गर्नु पर्ने कागजात, कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ यस केन्द्रको सूचना पाटी तथा वेबसाइट (akcbanke.lumbini.gov.np) बाट प्राप्त गर्न सकिने छ । थप जानकारीको लागि यस केन्द्रको सम्पर्क फोन नं. ०८१-५३०२२५ वा सूचना अधिकारी (९८५८०७०२२५) मार्फत सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

| क.स | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|
| १. | व्यावसायिक तरकारी प्रवर्द्धन कार्यक्रम (राप्तीसोनारी गाउँपालिका र जानकी गाउँपालिका) | • उत्पादन सामग्रीहरू, सिंचाईका लागि आवश्यक सामग्रीहरू, यन्त्र/उपकरणहरू, प्राथमिक प्रशोधन, बजारीकरण सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/सहकारी सहभागी हुन सक्ने,<br>• सामूहिक रूपमा कम्तीमा १ हे. वा एकलरूपमा कम्तीमा १० कठ्ठामा खेती गर्नुपर्ने,<br>• जिल्लामा व्यावसायिक तरकारी खेतीको विवरण तयार गरी क्षेत्र निर्धारण गर्नु पर्ने। | राप्तीसोनारी गाउँपालिका र जानकी गाउँपालिका | • यन्त्र उपकरण/ अन्य सामग्रीको हकमा अधिकतम ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा अधिकतम ५० प्रतिशत<br>• बीउविजन/बेर्ना ५० प्रतिशत र सामुदायिक पूर्वाधार निर्माणको हकमा अधिकतम ७५ प्रतिशत<br>• प्रति हेक्टर अधिकतम रु. १ लाख अनुदान। |

अनिश श्रेष्ठ
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६००८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८१/८२
सूचना नं.: ०२

| | | | | | |
|---|---|---|---|---|---|
| २. | वर्षे/हिउँदे फलफूल विरुवा वितरण | • कार्यालयले विभिन्न जातका उन्नत/ वर्णशङ्कर फलफूल विरुवा खरिद, ढुवानी र वितरण,<br>• रेखाङ्कनमा सहयोग,<br>• बगैँचा व्यवस्थापनका लागि कार्यालयबाट प्राविधिक सेवा सहयोग। | • उन्नत/वर्णशङ्कर जातको फलफूल विरुवा मार्फत फलफूलको क्षेत्र विस्तार वा नयाँ बगैंचा स्थापना गर्न ईच्छुक कृषक/कृषक समूह/सहकारी/उद्यमी हुनुपर्ने,<br>• सामूहिक वा एकल रूपमा एउटै चक्लामा बगैंचा स्थापना गर्नुपर्ने,<br>• आँप, लिची, अम्बा, अनार, कागती, कटहर फलफूलका बिरुवा वितरण गर्न सकिने<br>• कम्तिमा २५ बोटको १ बगैंचा स्थापना गर्नु पर्ने । | बाँके जिल्ला भरी | • विनियोजित वजेटको परिधिमा रही ढुवानी, प्याकेजिंगको व्यवस्थापन गरी शतप्रतिशत अनुदानमा विरुवा उपलब्ध गराउने। |
| ३. | च्याउ प्रवर्द्धन कार्यक्रम (बैजनाथ गाउँपालिका) | • बीउ खरिद<br>• सुक्ष्म तत्व खरिद<br>• रोगकिरा व्यवस्थापन सामाग्रीहरु<br>• टहरा निर्माण<br>• बीउ उत्पादनका लागि आवश्यक उपकरण खरिद<br>• बजारीकरण (क्रेट, बोरा, प्याकेजिंग सामाग्री, लेबलिंग लगायत) सहयोग । | • कृषक/कृषकसमूह/सहकारी/फर्म/कम्पनी मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,<br>• कार्ययोजनामा बीउ खरिद क्रियाकलाप अनिवार्य समावेश गर्नुपर्ने। | बैजनाथ गाउँपालिका | • प्रति १०० केजी बीउको प्रयोग, अन्य सामाग्री/उपकरण खरिद र टहरा निर्माणका लागि अधिकतम रु. १ लाख सम्म अनुदान दिन सकिने । |
| ४. | बीउ आलुको ढुवानी, बोरा तथा शीत भण्डार शुल्कमा सहयोग कार्यक्रम | • शीत भण्डारण शुल्क सहयोग,<br>• बीउ ढुवानी,<br>• बोरा खरिद/छपाई। | • कृषक/फर्म/कम्पनी/कृषक समूह/ सहकारीले आलु बीउ उत्पादन गरी शीत भण्डारमा भण्डारण गरेको हुनुपर्ने,<br>• आर्थिक वर्ष उल्लेख गरी वोरा छपाई गर्नुपर्ने।<br>• कृषक/फर्म/कम्पनी/कृषक समूह/ सहकारीले बाली लगाउनु पूर्व बीउ आलु उत्पादन योजना सम्बन्धित कार्यालयमा पेश गर्नु पर्ने वा जानकारी दिनु पर्ने । | बाँके जिल्ला भरी | • शीत भण्डारण शुल्कमा अधिकतम ७५ प्रतिशत र अन्यको हकमा अधिकतम ५० प्रतिशत अनुदान। |

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
Email: akcbanke@gmail.com
Website: akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८१/८२
सूचना नं.: ०२

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | कृषि यान्त्रिकीकरण कार्यक्रम (डुडुवा गाउँपालिका) | • साना तथा ठूला कृषि यन्त्र उपकरण **(सिचाई सम्बन्धी उपकरण बाहेक)** उपलब्ध गराउने | • कृषक/समुह/सहकारी<br>• व्यावसायिक खेती गरेको हुनु पर्ने<br>• खरिद गरिने यन्त्र उपकरणको स्पेशिफिकेशन सम्बन्धित कार्यालयबाट स्वीकृत गराउनु पर्ने । | डुडुवा गाउँपालिका | कुल लागतको अधिकतम ५०% अनुदान । |
| ६. | कृषि यान्त्रिकीकरण कार्यक्रम (कोहलपुर नगरपालिका) | | | कोहलपुर नगरपालिका | |
| ७. | कृषि यान्त्रिकीकरण कार्यक्रम (बैजनाथ गाउँपालिका) | | | बैजनाथ गाउँपालिका | |
| ८. | कृषि यान्त्रिकीकरण कार्यक्रम (खजुरा गाउँपालिका) | | | खजुरा गाउँपालिका | |
| ९. | कृषि यान्त्रिकीकरण कार्यक्रम (जानकी गाउँपालिका) | | | जानकी गाउँपालिका | |
| १०. | कृषि यान्त्रिकीकरण कार्यक्रम (राप्ती सोनारी गाउँपालिका) | | | राप्ती सोनारी गाउँपालिका | |

**संलग्न गर्नु पर्ने कागजातहरू:**

१. प्रस्तावकको निवेदन (अनुसूचि ३३ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. कार्यक्रम संचालनको लागि व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३५ बमोजिम) तथा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि र जग्गाको तिरो तिरेको रसिद।
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र।

अनिश श्रेष्ठ
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)

लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, बाँके**

फोन नं.: ०८१५३००२७/५३०२२५
टोल फ्रि नं.: १६६०८१५२०००
**Email**: akcbanke@gmail.com
**Website**: akcbanke.lumbini.gov.np

पत्र संख्याः २०८१/८२
सूचना नं.: ०२

७. कार्यक्रममा सहभागी हुन तथा अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।

८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।

९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।

१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्ष अवधिको करारको पत्र तथा जग्गाको तिरो तिरेको रसिद।

पुनश्चः

१. प्रस्ताव पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनमा पेश गर्नु पर्नेछ ।

अनिश श्रेष्ठ
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर आठौं)

विनोद घिमिरे
कार्यालय प्रमुख
वरिष्ठ कृषि अर्थ विज्ञ (दशौं तह)